# आकाशवाणी

प्रमुख समाचार

- भाजपाद्वारा पश्चिम बंगाल चुनाउका लागि संकल्प पत्र जारी
- सरकारले भनेको छ, पश्चिम एसियामा जारी सङ्कटबीच देशको उच्च विद्युत र ऊर्जा माग पूरा गरिएको छ
- प्रधानमन्त्रीले दिनुभयो नितिश कुमार र हरिवंशलाई बधाई अनि
- मथुरामा नाउ पल्टिँदा छह जनाको मृत्यु ः प्रधानमन्त्रीद्वारा शोक व्यक्त

BJP Manifesto

भारतीय जनता पार्टीका वरिष्ठ नेता तथा गृह मन्त्री अमित शाहले आज पश्चिम बंगाल विधानसभा चुनाउका लागि पार्टीको संकल्प पत्र जारी गर्नुभयो। संकल्प पत्रमा राज्यमा भाजपा सत्तामा आएको छह महिनाभित्र सातौं वेतन आयोग र समान नागरिक संहिता (UCC) लागू गर्ने वाचा गरिएको छ। घोषणापत्र जारी गरेपछि श्री शाहले भन्नुभयो...

उहाँले भन्नुभयो, जनता भयभीत र निराश भएकै कारण हृदयबाटै परिवर्तन चाहन्छन्। श्री साहले भन्नुभयो, विगत दश वर्षमा भारतीय जनता पार्टीले पश्चिम बंगालमा एक रचनात्मक विपक्षीका रूपमा आफ्नो पहिचान बनाएको छ र आज भाजपाले राज्य विधानसभामा प्रमुख विपक्षी दलको रूपमा काम गरिरहेछ। श्री शाहले भन्नुभयो, भाजपा सत्तामा आएको खण्डमा घुसपेठविरूद्ध शून्य सहनशीलताको नीति अपनाउनेछ। उहाँले सबै सरकारी कर्मचारी र वेतनभोगी श्रमिकहरूलाई महंगाई भत्ता (डीए) सुनिश्चित गरिने अनि नयाँ भाजपा सरकारअन्तर्गत प्रत्येक कर्मचारीको सम्मान कायम राख्न पैंतालीस दिनभित्र सातौं वेतन आयोग लागू गरिनेछ। भाजपा सत्तामा आएमा प्रत्येक महिलाको ब्याङ्क खातामा तीन हजार रूपियाँ जमा गरिने वाचा गर्दै गृह मन्त्रीले भन्नुभयो, पुलिस बलसहित बंगालका सबै सरकारी नोकरीमा महिलाका लागि तेंतीस प्रतिशत आरक्षण गरिनेछ।

Government-West Asia Briefing

सरकारले पश्चिम एसियामा जारी सङ्कटबीच देशको उच्च विद्युत तथा ऊर्जा माग सफलतापूर्वक पूरा गरिएको जनाएको छ। नयाँ दिल्लीमा आयोजित अन्तर मन्त्रालयीय जानकारी कार्यक्रममा विद्युत मन्त्रालयका अतिरिक्त सचिव पीयूष सिंहले भन्नुभयो......

पेट्रोलियम तथा प्राकृतिक ग्यास मन्त्रालयकी संयुक्त सचिव सुजाता शर्माले देशमा घरेलु ग्यास र इन्धनको आपूर्ति स्थिर रहेको बताउनुभयो। उहाँले स्पष्ट पार्दै भन्नुभयो, पेट्रोल र डिजेल पर्याप्त मात्रामा उपलब्ध छ, यसको कुनै अभाव छैन। श्रीमती शर्माले गत चौध मार्चदेखि हालसम्म एक लाख छ हजार टन व्यावसायिक ग्यास आपूर्ति गरिएको र दैनिक पाँच किलोग्रामका एक लाखभन्दा बढी ग्यास सिलिन्डर बिक्री भइरहेको जानकारी दिनुभयो।

विदेश मन्त्रालयका प्रवक्ता रणधीर जायसवालले पश्चिम एसियाको अवस्थाबारे नजिकबाट निगरानी भइरहेको र ऊर्जा सुरक्षालाई मजबुत बनाउन मन्त्रीहरू खाडी देशको भ्रमणमा रहेको जानकारी दिनुभयो। लेबनानमा धेरै नागरिकको मृत्यु भएको खबरप्रति दुःख व्यक्त गर्दै उहाँले भन्नुभयो....

बन्दरगाह, पोत यातायात तथा जलमार्ग मन्त्रालयका अतिरिक्त सचिव मुकेश मंगलले खाडी क्षेत्रमा रहेका सबै भारतीय नाविक सुरक्षित रहेको बताउनुभयो। पछिल्लो २४ घण्टामा भारतीय झण्डा बोकेका कुनै पनि जहाजसँग सम्बन्धित घटना नभएको स्पष्ट पार्दै उहाँले हालसम्म एक हजार नौ सय सत्ताइसभन्दा बढी भारतीय नाविकलाई सुरक्षित रूपमा स्वदेश फर्काउन सहयोग गरिएको, जसमा पछिल्लो चौबीस घण्टामा एक सय चौबीसजना समावेश रहेको जानकारी दिइयो।

--------------------------------------X--------------------------------------

PM Nitish Kumar-Harivansh

प्रधानमन्त्री नरेन्द्र मोदीले बिहारका मुख्यमन्त्री तथा जनता दल यूनाइटेड अध्यक्ष नितिश कुमारलाई राज्यसभा सदस्यका रूपमा शपथ लिएकोमा बधाइ दिनुभयो। एउटा सोशल मिडिया पोस्टमा श्री मोदीले भन्नुभयो, श्री नितिश कुमार देशका सबैभन्दा अनुभवी नेताहरूमध्ये एक हुनुहुन्छ अनि सुशासनलाई लिएर उहाँको प्रतिबद्धताको चारैतिर प्रशंसा हुन्छ। उहाँले भन्नुभयो, श्री नितिश कुमारले बिहारको विकासमा उल्लेखनीय योगदान दिनुभएको छ।

प्रधानमन्त्रीले राज्यसभाका पूर्व सभापति हरिवंशलाई पनि राज्यसभाका सदस्यको रूपमा मनोनित भएकोमा बधाई दिनुभयो। श्री मोदीले भन्नुभयो, श्री हरिवंशले पत्रकारिता र सार्वजनिक जीवनमा अमूल्य योगदान दिनुभएको छ र उहाँ एक सम्मानित विचारक हुनुहुन्छ।

---------------------------------------X---------------------------------------

Mathura accident

उत्तर प्रदेशको मथुरा जिल्लामा आज दिउँसो लगभग दुई पैंतालीसमा यमुना नदीमा नाउ पल्टिँदा छह जनाको मृत्यु भयो। नाउमा लुधियानाका श्रद्धालु सवार थिए।

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले घटनामाथि शोक व्यक्त गर्दै मृतकका परिवारजनप्रति समवेदना व्यक्त गर्नुभयो अनि घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्नुभयो।

श्री मोदीले स्थानीय प्रशासनले प्रभावितलाई आवश्यक सहयोग उपलब्ध गराइरहेको र उद्धार तथा राहत कार्य जारी रहेको पनि आश्वासन दिनुभयो।

---------------------------------------X---------------------------------------

Jaishankar-Mauritius

विदेश मन्त्री डाक्टर S जयशंकरले मोरिससको पोर्ट लुईसमा आयोजित नवौं हिन्द महासागर सम्मेलनका क्रममा विभिन्न देशका नेताहरूसित द्विपक्षीय भेटवार्ता गर्नुभयो। उहाँले मोरिससका राष्ट्रपति धरमबीर गोखुलसित भेट गर्दै दुई देशबीचको मित्रता र साझेदारीलाई अझ सुदृढ बनाउने प्रतिबद्धता व्यक्त गर्नुभयो। डा. जयशंकरले मोरिससका पूर्व प्रधानमन्त्री प्रविन्द कुमार जगन्नाथ तथा सेशेल्सका विदेश मन्त्री ब्यारी फोरे-सित पनि भेट गर्नुभयो। उहाँले भन्नुभयो, भारत सेशेल्सलाई हालको आर्थिक चुनौतीको सामना गर्न सहयोगका निम्ति प्रतिबद्ध छ।

यसैगरी उहाँले भुटानका विदेश मन्त्री DN ढुङ्गेलसित पनि भेट गर्दै दुई देशको साझेदारी निरन्तर प्रगति र समृद्धितर्फ अघि बढिरहेको उल्लेख गर्नुभयो।

---------------------------------------X---------------------------------------

Gadkari Vishwakarma Award

सड़क परिवहन तथा राजमार्ग मन्त्री नितिन गड्करीले भन्नुभयो, निर्माण उद्योग, नवाचार र प्रौद्योगिकी सञ्चालित उद्योगका रूपमा विकसित भइरहेछ। नयाँ दिल्लीमा आज सत्रौं निर्माण उद्योग विकास परिषद विश्वकर्मा पुरस्कार समारोहमा श्री गड्करीले भन्नुभयो, सरकारको उद्देश्य देशभरि निर्माणको गुणवत्तामा सुधार गर्नु अनि यसको लागत कम गर्नु हो। उहाँले भारतको निर्माण र अवसंरचना क्षेत्रको क्षमतालाई राष्ट्रको आर्थिक विकासको स्तम्भका रूपमा उल्लेख गर्नुभयो।

---------------------------------------X---------------------------------------

SC Cast Census

सर्वोच्च न्यायालयले जातिगत जनगणनामा रोक लगाउन केन्द्र सरकारलाई निर्देशन दिनुपर्ने मागसहित दायर गरिएको निवेदन आज खारेज गरेको छ। मुख्य न्यायाधीश न्यायमूर्ति सूर्यकान्त, न्यायाधीश जोय माल्या बागची र न्यायाधीश विपुल M पञ्चोलीको खण्डपिठले यो निवेदन अस्वीकार गरेको हो। निवेदनमा एक सन्तान भएका परिवारलाई आर्थिक प्रोत्साहन दिने नीति बनाउन पनि केन्द्रलाई निर्देशन दिन माग गरिएको थियो।

यसअघि दुई फरवरीमा पनि सर्वोच्च न्यायालयले आगामी २०२७ को जनगणनामा जातिगत विवरण संकलन, वर्गीकरण र प्रमाणीकरण गर्ने तरिकाबारे उठाइएको अर्को सार्वजनिक सरोकारको मुद्दा सुनुवाइ गर्न अस्वीकार गरेको थियो।

२०२७ को जनगणना देशको सोह्रौं राष्ट्रिय जनगणना हुनेछ। यसमा सन् १९३१ पछि पहिलोपल्ट विस्तृत रूपमा जातिगत विवरण समेटिनेछ र यो देशकै पहिलो पूर्ण रूपमा विद्युतीय जनगणना हुनेछ।

---------------------------------------X---------------------------------------

Jadhav-Homeopathy Day

आयुष मन्त्री प्रतापराव जाधवले होम्योप्याथी केवल वैकल्पिक उपचार पद्धति नभएर करुणा र प्रमाणमा आधारित विज्ञान भएको बताउनुभयो। विश्व होम्योप्याथी दिवसका अवसरमा आज नयाँ दिल्लीस्थित विज्ञान भवनमा आयोजित कार्यक्रममा उहाँले होम्योप्याथीको लोकप्रियता बढ्दै गएको र मानिसहरूले यसलाई प्राथमिकता दिन थालेको उल्लेख गर्नुभयो। उहाँले देशवासीलाई दहिलो वैज्ञानिक दृष्टिकोणसहित अघि बढ्न आग्रह गर्दै स्वास्थ्य प्रणालीमा होम्योप्याथी दिगो उपचार पद्धतिका रूपमा स्थापित हुँदै गएको बताउनुभयो।

आज विश्व होम्योप्याथी दिवस हो, जुन दिन होम्योप्याथीका संस्थापक डाक्टर हेनिमनको जन्मदिनको सम्झनामा मनाइन्छ। यस वर्षको नारा दिगो विकासका लागि होम्योप्याथी रहेको छ।

---------------------------------------X---------------------------------------

Om Birla-Goa University

लोकसभा अध्यक्ष ओम बिरलाले गोवा विश्व विद्यालयका विद्यार्थीहरूसित लोकतन्त्रमा सक्रिय रूपमा भाग लिन आग्रह गर्नुभयो। उहाँ गोवामा आयोजित राष्ट्र मण्डल संसदीय संघ सम्मेलन भन्दा छुट्टै एउटा कार्यक्रममा बोल्दै हुनुहुन्थ्यो। देशको विविधतालाई समृद्ध गर्नमा रहेको गोवाको भूमिकाको उल्लेख गर्दै श्री बिरलाले भारतीय युवाहरूको वैश्विक उपलब्धीको सराहना गर्नुभयो अनि उनीहरूलाई देशका सबैभन्दा ठूलो शक्ति बताउनुभयो।

---------------------------------------X---------------------------------------

Myanmar President

म्यानमारमा आज मिन आङ ह्लाइङले निर्वाचित राष्ट्रपतिका रूपमा शपथ लिनुभयो। २०२१ मा आङ सान सूकी नेतृत्वको सरकारबाट सत्ता लिएका उहाँले त्यसयता कडा सैनिक नियन्त्रणसहित देश सञ्चालन गर्दै आइरहनुभएको छ।

---------------------------------------X---------------------------------------

प्रमुख समाचार पुनः एकपल्ट

- भाजपाद्वारा पश्चिम बंगाल चुनाउका लागि संकल्प पत्र जारी
- सरकारले भनेको छ, पश्चिम एसियामा जारी सङ्कटबीच देशको उच्च विद्युत र ऊर्जा माग पूरा गरिएको छ
- प्रधानमन्त्रीले दिनुभयो नितिश कुमार र हरिवंशलाई बधाई अनि
- मथुरामा नाउ पल्टिँदा छह जनाको मृत्युः प्रधानमन्त्रीद्वारा शोक व्यक्त